# रामेछाप जिल्ला अदालतबाट जारी गरिएको सूचना

विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाईरस ( कोभिड-१९) को नयाँ भेरियन्सको संक्रमण नेपालमा पनि तिब्र रुपमा फैलिरहेको र त्यसको रोकथाम तथा नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालय रामेछापको मिति २०७८।१।२६ गतेको अत्यन्त जरुरी सूचना बमोजिम रामेछाप जिल्लाका विभिन्न क्षेत्रलाई जोखिम युक्त क्षेत्र तोकी मिति २०७८।१।२७ गते राती १२.०० बजे देखि ०७८।२।३ गते राती १२.०० बजेसम्म अत्यावश्यक काममा बाहेक घर बाहिर निस्कन हिडडुल गर्न पुर्ण रुपमा निषेध गर्ने लगायतका विषयहरुमा वन्देज लगाउने गरि निषेधाज्ञा जारी गरिएको छ । प्रस्तुत सूचनाबाट यस अदालतका सेवा ग्राहीसमेत प्रत्यक्ष रुपमा प्रभावित हुने अवस्थालाई दृष्टिगत गरी यस अदालतबाट प्रदान हुने सेवाहरुमा मिति २०७८।१।२० गते देखि मिति २०७८।१।२७ सम्म उल्लेख भएकोमा सोही वमोजिम मिति २०७८ ।१।२७ गते देखि २०७८।२।३ गतेसम्म देहाय बमोजिम गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- मिति २०७८।१।२१ गते देखि मिति २०७८।२।३ गते सम्म बकपत्र हुने भनि तोकिएका सबै मुद्दाको बकपत्रको कार्य रोकी २०७८।२।४ गते पछि क्रमिक रुपमा बकपत्र गराउने कार्य संचालन गर्ने ।
- मिति २०७८।१।२१ गते देखि जेठ ३ गते सम्म यातायातको असहजताका कारणले तोकिएको मितिको तारिख लिन नसकेको अवस्थामा मिति २०७८।२।४ गतेका दिन तारेख दिने व्यवस्था मिलाउने ।
- पक्षको प्रतिनिधित्व नभएमा मुद्दाको प्रमाण मुकररको आदेश बाहेक अन्तिम सुनुवाईको कार्य उक्त अवधिमा रोकी प्रस्तुत समय अवधिमा तोकिएका मुद्दाहरु पछि पेशी व्यवस्थापन गर्ने ।
- काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिमा मुद्दा तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद तथा तारेख नगुज्रिने ।
- नेपाल सरकार, सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला प्रशासन कार्यालय रामेछापबाट यससम्बन्धमा केही थप निर्णय भै आएमा पुन:निर्णय गरि सोही बमोजिम हुने ।

०७८।१।२८